नेपाल सरकार
जनसङ्ख्या तथा वातावरण मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
जलविज्ञान महाशाखा
बाढी पूर्वानुमान शाखा

E-mail: floodhydrology@gmail.com, Site: http://hydrology.gov.np Tel: 01-4428236, Toll Free: 1155
Facebook Page: Nepal Flood Alert (नेपाल बाढी सूचना), Twitter: @DHM_FloodEWS (Nepal Flood Alert)

# बाढी पूर्वानुमान वुलेटिन

जारी मिति: ५ भाद्र २०७४, बिहान ६ बजे

## आगामी २४ घण्टाको पूर्वानुमान

१) आज र राती करीव देशैभर हल्का देखि मध्यम वर्षाको संभावना छ। (स्रोत: मौसम पूर्वानुमान महाशाखा)
२) आगामी २४ घण्टा देशैभर हल्का देखि मध्यम वर्षाको अनुमान भएकोले कुनै पनि ठूला नदी जलाधारहरुमा ठूलो बाढीको संभावना देखिंदैन तर पहाडी-हिमाली क्षेत्रमा पहिरोको जोखिम छ।

## सर्वसाधारण तथा सरोकारवालामा सुझाव

**३) प्लाष्टिक, छाता, रेनकोट लगायतका पानी छेक्ने सामाग्री साथमै राखौं। पहिरोग्रस्त पहाडी भु-भागको नजिक नवसौं, नजाऔं!**

## बुलेटिन अपडेट संबन्धि जानकारी

यस बाढी पूर्वसूचना बुलेटिन बिहान ६ बजे देखि ७ बजे भित्रको अवधिमा अपडेट गरिनेछ र विभागको वेभसाइट www.hydrology.gov.np मा राखिने छ।

## थप र नियमित जानकारीको लागि निम्न कुराहरु पढ्नुहुन अनुरोध:

१) ११५५ टोल फ्री नम्बरमा असार, श्रावण, भाद्र र असोज महिनाभरी फोन गर्नुहोस र सोध्नुहोस्। यो नंवरमा फोन गर्दा तपाईलाई पैसा लाग्दैन
२) तपाई बाढी वा पहिरोको जोखिम युक्त स्थानमा वा नजिकै हनुहुन्छ भने मोबाइलमा ११५५ नंबरबाट "सतर्क रहनुहोस" भन्ने अभिप्रायको एस एम एस (SMS) पनि आउन सक्छ। यसरी प्राप्त भएको सूचना वरपरका सवैलाई जानकारी पनि गराउनुहोला!
३) तपाई मोबाइल, ल्यापटप वा कम्प्युटरमा ईन्टरनेट सेवा प्रयोग गर्ने गर्नुहुन्छ भने कृपया हाम्रो वेभसाइट: www.hydrology.gov.np भित्र गएर हेर्नुहोस। त्यहां आगामी २४ घण्टा सम्मको बाढी भविष्यबाणी अपडेट भइराखेको हुन्छ। अनि अहिले कुन नदीमा कती बहाब छ! कहां कती पानी परिराखेको छ! भन्ने जान्न चाहीं वेभसाइटको River Watch र Rainfall Watch हेर्ने गर्नुहोला है।
४) वाढि पूर्वसूचना वा धेरै वर्षा भएको स्थानमा पहिरोको जोखिमको पूर्वसूचना पाउन नजिकैको प्रहरी कार्यालय वा जिल्ला प्रसासन कार्यालयमा समेत फोन गर्न सक्नुहुन्छ। त्यहां पनि यसवारे जानकारी गराइएको हुन्छ।
५) वर्षातको समयमा निरन्तर समाचार सुन्ने बानी पनि बसाल्नुहोला।

*नोट: तपाईको आसपासमा ठूलो पानी परिरहेको छ वा नदीमा एक्कासी बाढी आएको छ वा नदी एक्कासी सुकेको छ भने माथी दिइएको ठेगानामा फोन वा इमेल वा Facebook वा Twitter मा जानकारी पनि दिनुहोस है।*

"कुनै पनि नदी जलाधारमा हुनसक्ने बाढी विपद्वाट आफु पनि वचौं अरुलाई पनि बचाऔं"

**जनहितको लागि जारी**